# कास्की जिल्ला अदालत

पोखरा

(प्रशासन शाखा )

☎ ०६१-४६२७५५

पत्र संख्या ०७७/०७८

च.नं

२०२१

नोटः- जवाफ पठाउँदा फाँट/शाखा र मुद्दा नं. अनिवार्य खुलाईदिनुहोला।

## मिति २०७८/२/२ मा जारी भएको सूचना !

कास्की जिल्लामा अत्याधिक कोभिड-१९ को संक्रमण फैलिएको अवस्था तथा यस अदालतका न्यायाधीश तथा कर्मचारीहरु गरी जम्मा ११ (एघार) जनामा कोरोना संक्रमण देखिएको अवस्थासमेतको सन्दर्भमा कोरोना संक्रमण फैलावटको साङ्लो तोड्न (Chain break) तथा संक्रमणको रोकथाम र नियन्त्रणलाई प्रभावकारी बनाउन अर्को आदेश वा सूचना नभएसम्मका लागि उच्च अदालत र जिल्ला अदालत बारका अध्यक्षहरु तथा जिल्ला न्यायाधिवक्तासमेतका सरोकारवालाहरुको सहभागितामा मिति २०७८/२/२ मा यस अदालतको पूर्ण बैठकबाट मिति २०७८/२/३ बाट लागू हुने गरी देहायबमोजिमको सेवाहरु मात्र प्रवाह गर्ने निर्णय भएको हुँदा सम्बन्धित सरोकारवालाहरुलाई सूचित गरिन्छः -

१. बन्दीप्रत्यक्षीकरण निवेदनको सुनुवाइ र पक्राउ पुर्जी अनुमति, जरुरी पक्राउ पुर्जीको समर्थन, अनुसन्धान तहकिकातका लागि हिरासतमा राख्न अनुमति दिने (म्याद थप गर्ने), कल डिटेल अनुमतिसम्बन्धी,

२. फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ अन्तर्गतका निवेदन, बाल सुधारगृहमा रहेका बालबालिका जिम्मा लिने निवेदनसम्बन्धी,

३. अभियोगपत्र दर्ता गर्ने, पक्राउ परी आएका प्रतिवादीको बयान लिने र थुनछेक आदेश गर्नेसम्बन्धी,

४. माथि प्रकरण (१) देखि (३) सम्मको कार्यसँग सम्बन्धित हिरासतमा रहेको व्यक्ति लगायतको पछिल्लो ७२ घण्टा भित्रको एन्टी जेन वा आर.टि.पि.सि.आर. को नेगेटिभ रिपोर्ट अनिवार्य गर्ने,

५. कानून व्यवसायीबाट पेस गरिने वकालतनामा अनलाइन प्रविधिबाट पठाउन सकिने,

६. अदालतमा मुद्दा वा निवेदन दर्ता भएपश्चात् प्रतिवादी र हिरासतमा रहेका व्यक्तिको बयान तथा कानून व्यवसायी र सरकारी वकीलबाट प्रस्तुत हुने वहस पैरवी लगायत माथि प्रकरण (१) देखि (३) सम्मका कार्यहरू श्रव्य-दृष्य (Video-conferencing) प्रविधिको प्रयोग गरी गर्ने ।

२०७८/२/२

शाखा अधिकृत

(मिल पनेरु)

सूचना अधिकारी